


## उत्तरगङ्गा नदी



गाउँपालिका उपाध्यक्ष श्री भुपेन्द्रा बुढा मगरज्यूले गाउँसभामा पेश गर्नुभएको

## आर्थिक वर्ष २०८०/०८१ को

# बजेट वक्तव्य

### पुथा उत्तरगङ्गा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### तकसेरा, रुकुम (पूर्वी भाग)
### लुम्बिनी प्रदेश, नेपाल

**मिति : २०८० ।०३ ।२३ गते**

**पुथा उत्तरगङ्गा गाउँसभाका अध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु,**

राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु र आम पुथा उत्तरगङ्गाबासी आमा बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु,

१. यस गरिमामय सभासमक्ष बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले पुथा उत्तरगङ्गा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका जनयुद्ध, जनआन्दोलन, सशस्त्र संघर्ष लाई सस्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै, घाईते, अपाङ्ग, बेपत्ता योद्धाहरुको अतुलनीय योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

३. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौ आवधिक योजना, दिगो विकासका लक्ष्य एवं अन्तराष्ट्रिय प्रतिवद्धता, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, यस गाउँपालिकाको नीति तथा कार्यक्रम, आवधिक योजना तथा सभाका सदस्यज्यू र सरोकारवालाबाट प्राप्त सुझाबलाई मनन् गर्दै आर्थिक वर्ष २०८०।८१ को बजेट तर्जुमा गरेको छु ।

४. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवम् चुनौतिलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्ने र उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्दि सहितको सबल अर्थतन्त्र निर्माण गर्ने तर्फ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्देशित गरेको छु। आमजनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत एवम् पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ बजेट लक्षित गरेको छु ।

५. आगामी बजेट समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ उच्च भएका उत्कृष्ट कृषक, उत्कृष्ट प्रतिभा भएका युवाहरुलाई स्थानीय तहभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशीलता विकास गरी गरिबी न्यूनीकरण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने तथा स्थानीय स्रोत र साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

६. नेपाल सरकारको **"समृद्ध नेपालः सुखी नेपाली"** हुने दीर्घकालीन सोच र राष्ट्रिय आकांक्षा एवम् लुम्बिनी प्रदेश सरकारको **"समृद्ध प्रदेशः खुसी जनता"** र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाको **"समृद्ध पुथा उत्तरगङ्गा हाम्रो एकता; सुसंस्कृत र खुसी जनता"** हुने दीर्घकालीन सोच र स्थानीय जनताको विकासको चाहनालाई परिपूर्ति गर्न समग्र पुथा उत्तरगङ्गा गाउँपालिकाको सर्वाङ्गीण विकासको यस अभियानमा हातमा हात मिलाइ

सहयोग गर्न म सम्पूर्ण नीजि तथा सहकारी क्षेत्र एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुलाई आह्वान गर्दछु ।

७. आधारभुत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच, निशुल्क र गुणस्तरीय आधारभुत शिक्षा, कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता, सामाजिक न्याय तथा समानता सहितको समाज, विकासका आधारभुत आवश्यक्ताको परिपूर्ति, स्वच्छ र स्वस्थ वातावरण एवम् संचार तथा उर्जामा नागरिकको पहुँच लगाएतका विषयहरु यस गाउँपालिकाका प्रमुख आवश्यक्ताहरु हुन् । यी सबै विषयहरुलाई प्राथमिकतामा राखेर मैले आर्थिक वर्ष २०८०।०८१ को बजेट तयार पारेको छु ।

**सभाध्यक्ष महोदय**

अब म यस गाउँपालिकाको विद्यमान आर्थिक स्थिति र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा र संशोधित अनुमान सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

८. चालु आर्थिक वर्षमा संघीय सरकारबाट वित्तीस समानकिरण अनुदान वापत रु. ११ करोड ५५ लाख र राजश्व बाँडफाँटबाट रु. १० करोड १३ लाख ५७ हजार प्राप्त हुने लक्ष्य रहेकोमा ज्येष्ठ मसान्तसम्म वित्तीय समानिकरण अनुदान तर्फ १० करोड १६ लाख २५ हजार प्राप्त भएको छ भने राजश्व बाँडफाँट तर्फ रु. ७ करोड १८ लाख १८ हजार ६ सय ९१ रुपैया ११ पैंसा मात्र प्राप्त भएको छ । यसैगरी संघीय सरकारबाट हस्तान्तरण हुने सशर्त अनुदानमा केही थप भई रु. २४ करोड २९ लाख ५ हजार ५ सय र विशेष अनुदान वापत लक्ष्य अनुरुप नै रु. १ करोड लाख प्राप्त भएको छ ।

९. यस्तै लुम्बिनी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान बापत रु. ६३ लाख ४७ हजार र राजश्व बाँडफाँट रु. ६६ लाख ३५ हजार प्राप्त हुने अनुमान गरिएकोमा ज्येष्ठ मसान्त सम्म रु. ५५ लाख ५३ हजार ५ सय २५ रुपैंया प्राप्त भएको छ भने राजश्व बाँडफाँट रु. ४७ लाख ४८ हजार २ सय ५९ रुपैंया मात्र प्राप्त भएको छ ।लुम्बिनी प्रदेश सरकारकै समपुरक अनुदानतर्फ रु १ करोड ५० लाख अनुमान गरिएकोमा लक्ष अनुरुप रु १ करोड ५० लाख नै प्राप्त भएको छ भने विशेष अनुदानतर्फ १ करोड १८ लाख अनुमान गरिएकोमा लक्ष्य अनुरुपको रु १ करोड १८ लाख नै प्राप्त भएको छ ।

१०. यसैगरी गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ आन्तरिक श्रोत र गत आवको मौज्दात गरी २ करोड ५० लाख प्राप्त हुने अनुमान गरिएकोमा ज्येष्ठ मसान्तसम्म रु. १ करोड ६८ लाख १८ हजार १ सय ६८ रुपैंया मात्र अर्थात झण्डै ६७ प्रतिशत रकम प्राप्त भएको छ ।

११. यसरी समग्रमा चालु आर्थिक वर्ष २०७९/०८० को जेठ मसान्तसम्ममा लक्ष्य अनुसारको कुल बजेट रकम रु. ५६ करोड ५७ लाख मध्ये रु ४९ करोड ६२ लाख ६९ हजार २ सय ४४ रुपैंया ४९ पैसा मात्र आम्दानी भएकोमा चालुतर्फ रु. २४ करोड ५८ लाख ०८ हजार ५ सय १२ रुपैंया ३३ पैसा अर्थात ६६.५४ प्रतिशत खर्च भएको छ भने पूँजीगत तर्फ रु ७ करोड ९८ लाख ३९ हजार २ सय ५४ रुपैंया ९९ पैसा अर्थात ४१.८८ प्रतिशत खर्च भएको छ । यसरी समग्रमा हेर्दा चालु खर्च करिव ८४.५५ प्रतिशत र पूँजीगत खर्च करिव ८१ प्रतिशत हुने संशोधित अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय**

१२. मैले पुथा उत्तरगङ्गा गाउँपालिकामा सर्वाङ्गीण क्षेत्रको समानुपातिक विकास मार्फत जनताको जिवनस्तर सुधार गर्न हाम्रो सामु रहेका मुख्य चुनौतीहरुलाई यस प्रकार पेश गरेको छु :

- भौगोलिक बनावट धेरै नै ठूलो साथै संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान एवम् गाउँपालिकाको आन्तरिक राजश्वको आकार सानो हुनु । हरेक वडाहरुमा सडक संजालको पहुँच नहुनु ।
- विश्वव्यापी आर्थिक परिदृश्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई यस गाउँपालिकाको अर्थतन्त्रमा समेत दबावमा रहेको स्थिति छ । आयोजनाको पूर्व तयारी र प्राथमिकीकरण नगरी साधन स्रोत विनियोजन गर्ने प्रवृत्ति रहेको र कार्यान्वयन पक्ष कमजोर रहेको छ । तसर्थ स्रोत साधनको समुचित परिचालनमार्फत सार्वजनिक खर्चलाई उपलब्धिमुलक र नतिजामुखी बनाई समावेशी, उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने चुनौती हाम्रो सामु रहेको छ ।
- प्रविधिमैत्री शैक्षिक पूर्वाधार एवम् दक्ष र योग्य शैक्षिक जनशक्तिको अभावमा गाउँपालिकाको बजेट पूर्ण रुपमा कार्यानव्यन हुन नसक्नु ।
- चालु आर्थिक वर्षको राजस्व सङ्कलन तथा प्राप्ति लक्ष्य भन्दा निकै कम रहेको छ । राजस्व प्रणालीमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्नु चुनौतिपूर्ण रहेको छ ।
- स्वास्थ्य संस्थाहरुको कमजोर भौतिक संरचना, जनशक्तिको अभाव र आधुनिक स्वास्थ्य औजार उपकरणहरुको अभाव हुनु ।
- युवाहरुलाई वैदेशिक रोजगारीमा जान बाट रोकी गाउँपालिका भित्रै कृषि उत्पादनमा लाग्न प्रोत्साहित गर्न नसकिनु।
- बालविवाह, बहुविवाह.जा तीय तथा लैङ्गिक भेदभाव तथा अन्य विभेदहरुको अन्त्य गर्नु ।
- गाउँपालिकाका हरेक क्षेत्रहरुमा इन्टरनेट र फोन सेवा विस्तार गर्नु ।
- सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र अद्यावधिक गर्दै प्रविधिको उच्चतम प्रयोग गर्नु ।

१३. माथि उल्लेखित थुप्रै चुनौती लाई अवसरको रुपमा मनन् गर्दै विभिन्न विकास निर्माणका कार्यहरुमा सरकारी, निजी, सहकारी को साझेदारीमा लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाई आर्थिक तथा सामाजिक पूर्वाधार विस्तार गरी "**समृद्ध पुथा उत्तरगङ्गा हाम्रो एकता; सुसंस्कृत र खुसी जनता**" को दीर्घकालिन सोच साकार पार्न आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि बजेटका उद्देश्य देहाय बमोजिम रहेका छनः

- अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,
- कृषिको आधुनिकिकरण, यन्त्रिकरण, विविधिकरण र व्यावसायीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- कृषि र पशु क्षेत्रको विकास एवम् विस्तार र स्थानीय रैथाने बालीको प्रवर्द्धन एवम् बजारीकरण गर्ने,
- शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकता दिई आम नागरिकको पहँच वृद्धि गर्दै गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभुत गर्ने,

- लगानी मैत्री वातावरण सृजना गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने,
- गुणस्तरीय शिक्षा एवम् स्वास्थ्यको पहुँचको प्रत्याभूति गराउने,
- घरेलु तथा साना उद्योग एवम् सहकारी प्रर्वद्दन,
- पर्यटन प्रवर्द्दन,
- वातावरणीय पर्यावरण, जडिबुटी तथा वन्यजन्तु संरक्षण एवम् विपद् व्यवस्थापन,
- लैङ्गिक समानता कायम गर्ने,
- पुथा उत्तरगङ्गा गाउँपालिकाको भाषा तथा संस्कृतिको जगेर्ना गर्ने,
- यस गाउँपालिकाका नागरिकलाई सूचना प्रविधि क्षेत्रको पहुँचमा पुर्‍याउने,
- सार्वजनिक सेवा प्रवाहको सवलीकरण र सुशासन कायम गर्ने

**सभा अध्यक्ष महोदय,**

१४. **माथि उल्लेखित उद्देश्य हासिल गर्नका लागि आर्थिक वर्ष २०८०।०८१ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छ ।**

- आर्थिक सुधार एवम् निजी क्षेत्रको प्रवर्द्दन,
- कृषि, उद्योग, वाणिज्य,
- श्रम, रोजगार, सहकारी, उर्जा र पर्यटन क्षेत्रको विकास,
- लगानी प्रवर्द्दन, स्थानीय रैथाने बालीहरूको बजारीकरण,
- शिक्षा, स्वास्थ्य तथा समाजिक संरक्षण र सुरक्षा
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
- गुणस्तरीय सडक, पुल एवम् सिँचाई कुलोको निर्माण एवम् विस्तार,
- खानेपानी तथा सरसफाई,
- फोहोरमैला व्यवस्थापन,
- राजश्व चुहावट प्रणालीमा सुधार र अर्थतन्त्रको प्रवर्द्दन,
- वन, वातावरण तथा वन्यजन्तु एवम् जडिबुटीको संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन,
- सुशासन तथा मानव संशाधन लगायत संस्थागत विकास र रोजगारी सिर्जना,
- वित्तीय सङ्घीयताको सुदृढीकरण एवम् सार्वजनिक वित्त प्रणालीमा सुधार र सेवा प्रवाहमा सुधार सम्बन्धी नीतिहरू,
- सूचना प्रविधि र सञ्चारको विकास एवम् विस्तार,
- खाद्य सुरक्षा एवम् पोषण,
- स्थानीय स्रोत साधनको जगेर्ना

**सभा अध्यक्ष महोदय,**

अब म यनै चुचौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार पारिएको आगामी आर्थिक वर्ष २०८०।०८१ को व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु ।

१५. नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमलाई अनिवार्य दायित्व, क्रमागत आयोजना, पालिकास्तरीय आयोजना र बस्तीस्तरबाट माग भएका वडास्तरीय आयोजनाहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

१६. नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानबाट प्राप्त आयोजना तथा कार्यक्रमहरु छनोट गर्दा माग र आवश्यकतालाई प्राथमिकतामा राखी तोकिएको मार्गदर्शनको अधिनमा रही समयमै खर्च गर्ने व्यवस्था मिलाएको छु ।

१७. संघीय सरकारबाट पोषणमैत्री नमूना गाउँपालिका निर्माण कार्यक्रमको लागि विशेष अनुदान मार्फत प्राप्त भएको रकम रु ५५ लाखलाई पोषण क्षेत्र संग सम्बन्धित माग र आवश्यकतालाई प्राथमिकतामा राखी तोकिएको मार्गदर्शनको अधिनमा रही खर्च गर्ने व्यवस्था मिलाएको छु ।

१८. संघीय सरकारबाट समपुरक अनुदान मार्फत प्राप्त भएको रकम रु ८० लाख र गाउँपालिकाको साझेदारी सुनिश्चित गर्न रु ८० लाख विनयोजन गरी कुल १ करोड ६० लाख हुकाम काजरजङ्ग पेल्मा सडक निर्माण वडा नं. ५ र २ का लागि विनियोजन गरेको छु ।

१९. यस गाउँपालिकाको सिफारीसको आधारमा आयोजनाहरु कार्यानव्यन गर्न लुम्बिनी प्रदेश सरकारले उपलब्ध गराएको समपुरक अनुदान रकम रु १ करोडमा गाउँपालिकाको साझेदारी सुनिश्चित गर्न रु १ करोड रकम समपुरक आयोजना कार्यन्वयनमा थप गरी कुल जम्मा २ करोड बजेट विनियोजन गरेको छु ।

<u>कृषि तथा पशुपालन :</u>

२०. "**कृषि जीवनको आधार**" भन्ने कुरालाई स्मरण गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाका ८० प्रतिशत भन्दा धेरै नागरिकको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रलाई निर्वाहमुखीबाट आधुनिक एवम् व्यवसायिक बनाउँदै उत्पादित कृषि उपजहरुको बजारिकरणको माध्यमबाट आम नागरिकको आर्थिक स्थिति सबल बनाउन गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ देखी कार्यानव्यनमा ल्याएको "**शहीद स्मृति कृषि कार्यक्रम**" मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२१. पुथा उत्तरगङ्गा गाउँपालिका ओखर, स्याउ, आलु, सुन्तला, किवी, कागती तथा टिमुर लगाएतका फलफुल सम्भावना बोकेको क्षेत्र भएकोले फलफुल उत्पादन र प्रवर्द्धन गर्नका लागि फलफुल क्षेत्र विस्तार कार्यक्रममा रु १५ लाख विनियोजन गरेको छु । पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका सम्पूर्ण शहीद परिवारका सन्ततिहरू, सशस्त्र द्वन्द्वका घाइते, अपाङ्ग तथा वेपत्ताका प्रति परिवारहरूलाई कृषि उत्पादन तथा पशुपन्छी पालन अनुदान कार्यक्रमको लागि रु. ५० लाख विनियोजन गरेको छु।

२२. यस क्षेत्रको प्रमुख खाद्यान्न बाली मकैको प्रवर्द्धन गर्न आगामी आर्थिक वर्षमा रु ९ लाख ७५ हजार बजेट विनियोजन गरेको छु । परम्परागत तथा प्राङ्गारिक बालीहरुको संरक्षण गर्न

रैथानै बाली प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गरिनेछ जसको लागि रु ५ लाख बजेट विनियोजन गरेको छ ।

२३. कृषकहरुसँगको लागत साझेदारीमा, सिँचाई मर्मत सम्भार कार्यक्रम, माटो व्यवस्थापन तथा बगैंचा सुधार कार्यक्रम एवम् मौरी तथा च्याउ प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ जसको लागि आगामी आर्थिक वर्षमा २१ लाख बजेट विनियोजन गरेको छ ।

२४. विभिन्न कृषि उपजहरुको उत्पादन बढाउन कृषकहरुलाई तरकारीको उन्नत तथा हाइब्रिड बिँउ वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छ । यसैगरी बेमौसमी तरकारी खेती प्रवर्द्धन गर्न नमुनाको रुपमा गाउँपालिकाका २ वटा स्थानहरुमा हाइटेक नर्सरी स्थापना गर्न रु ७ लाख बजेट विनियोजन गरेको छ ।

२५. आ.व. २०७९/०८० मा स्थापना भएको स्याउ, ओखर/ बाख्रा पकेट विकास कार्यक्रमको निरन्तरताका लागि रु १३ लाख विनियोजन गरेको छ साथै सिरखुट्टा स्याउ पकेटको घेराबारको लागि रु ५० लाख बजेट विनियोजन गरेको छ ।

२६. पशुपंक्षीमा लाग्ने रोगहरुबाट पशुजन्य उत्पादनको गुणस्तर र परिमाणमा ह्रास आउन नदिन पर्याप्त औषधिको प्रबन्ध गर्ने व्यवस्था मिलाएको छ । साथै पशुपंक्षीहरुमा लागेका रोगहरुको निदान गर्न घुम्ती शिविर संचालन गर्न एवम् गाउँपालिकाको पशु सेवा शाखामा आधारभुत भेटेनरी प्रयोगशाला स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

२७. स्थानीय जातका पशुहरु बाख्रा, भेडा र भैंसीमा नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न रु १७ लाख बजेट विनियोजन गरेको छ ।

२८. यसरी समग्र कृषि क्षेत्रमा रु १ करोड २० लाख २४ हजार र पशुपन्छी विकास तर्फ रु १ करोड २ लाख ८५ हजार गरी कृषि र पशु क्षेत्रमा कुल रु. २ करोड २३ लाख ०९ हजार बजेट विनियोजन गरेको छ।

**सभा अध्यक्ष महोदय**

**रोजगार :**

२९. पुथा उत्तरगङ्गा गाउँपालिकाले कार्यान्वयनमा ल्याएको सहिद स्मृति रोजगार कार्यक्रमलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी कार्यान्वयनमा ल्याईनेछ । जस अन्तर्गत मेशिनरी औजार र सुरक्षण सामग्रीहरु खरिद गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

३०. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आयोजनाहरु संचालन गरी रोजगारी अभिवृद्धि गर्न संघीय सरकारबाट हस्ताणतरित सशर्त अनुदानबाट प्राप्त रु ६५ लाख ०१ हजार बजेटलाई समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ ।

३१. गाउँपालिकाका बेरोजगार युवाहरुलाई सिपमुलक तालिमहरुको व्यवस्था गरी रोजगार बनाउन विभिन्न गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी आवश्यक कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छ ।

**पर्यटन :**

पुथा उत्तरगङ्गा गाउँपालिका

३२. पर्यटनको प्रचुर सम्भावना बोकेका क्षेत्रहरुलाई आवश्यक प्रचार प्रसार गर्न नसक्दा सधै ओझेलमा परिरहेका छन । यसकारण गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुको बारेमा जानकारी दिन **पर्यटन डकुमेन्ट्री** तयार गरिनेछ । पर्यटन प्रवर्द्धनका लागि आवश्य सिग्नल बोर्डहरुको स्थापनाको लागि आवश्यक बजेट विनियोजन गरेको छु । साथै बागलुङको ढोरपाटन उपत्यकालाई तकसेरासँग सडक सञ्जालले जोड्न थप पहल गरिनेछ ।

३३. स्थानीय कला संस्कृति, भेषभूषा, भाषा र परम्परालाई झल्काउने गरी निकट भविष्यसम्म यसको अस्तित्व कायम राखी आन्तरिक तथा बाह्य पर्यटनको आकर्षणको क्षेत्र बनाउन लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

३४. पर्यटकहरुलाई सहजताको लागि गाउँपालिकाका विभिन्न पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सिग्नल बोर्डहरु राखिनेछ भने पर्यटन पदमार्ग निर्माणको कार्यलाई निरन्तरता दिनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३५. पर्यटक स्थलहरुलाई प्रचार प्रसार गर्नका लागि पर्यटकीय स्थलको बारेमा विभिन्न ठाउँहरुमा पर्यटन गेट सहित सग्नल वोर्ड निर्माण गर्नका लागि रु. २८ लाख २३ हजार बजेट विनियोजन गरेको छु ।

<u>उद्यमशिलता विकास कार्यक्रम</u> :

३६. पुथा उत्तरगङ्गा गाउँपालिकाका विभिन्न वडाहरुमा नागरिकहरुलाई सीप विकास तालिम मार्फत उद्यमी बनाउँने लक्ष्य अनुरुप लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका बमोजिम नयाँ उद्यम संचालन गर्न रु ११ लाख ६० हजार बजेट विनियोजन गरेको छु साथै अति गरिव परिवारको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्र स्थापनाको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३७. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्न समूहमा प्रविधि हस्ताण्तरणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

<u>शिक्षा, युवा तथा खेलकुद</u> :

३८. विद्यार्थी मैत्री शैक्षिक पूर्वाधार, आधुनिक प्रविधिको उच्चतम प्रयोग, दक्ष र योग्य शैक्षिक जनशक्ति तथा अनुशासन र स्वमूल्यांकनको माध्यमबाट शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन पुथा उत्तरगङ्गा गाउँपालिकाले आव २०७८/०७९ देखि सञ्चालन गर्दै आएको **"शहीद स्मृति शैक्षिक विकास कार्यक्रमं"** लाई निरन्तरता दिदै आवश्यक बजेट विनियोजन गरेको छु ।

३९. पुथा उत्तरगङ्गा गाउँपालिकाको स्थानीय वस्तुस्थितिलाई समेटेर स्थानीय पाठ्यक्रम (मगर खाम मातृ भाषा) निर्माण गर्न रु ८ लाख विनियोजन गरेको छु । यसैगरी निरन्तर विद्यार्थी मूल्यांकन एवम् तथा क्यालेण्डर प्रकाशन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४०. पुथा उत्तरगङ्गा गाउँपालिका भित्र दक्ष जनशक्ति निर्माण गरी रोजगारीको सृजना गर्न शिक्षक सेवा आयोग अध्यापन अनुमति पत्र, शिक्षक सेवा आयोग तयारी कक्षा, लोकसेवा आयोग तयारी कक्षा तथा अन्य अतिरिक्त कक्षा सञ्चालनका लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

४१. गाउँपालिकाले मातहतका विद्यालयहरुमा पठन पाठन कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले स्वंयमसेवक करार शिक्षकहरुको व्यवस्था गरेको छ । वास्तविक आवश्यक्ताको आधारमा करार स्वयमसेवक शिक्षकहरुको व्यवस्थापन गर्न आगामी आर्थिक वर्षको लागि रु ३ करोड ७६ लाख ६२ हजार बजेट विनियोजन गरेको छ ।साथै सामुदायिक विद्यालयहरुमा किशोरीहरुलाई निशुल्क स्यानिटरी प्याडको व्यवस्था गर्न रु १२ लाख ६१ हजार बजेट विनियोजन गरेको छ ।

४२. विद्यालय तहबाट खेलकुद प्रतिभाहरुको पहिचान गरी प्रोत्साहन गर्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्न रु ११ लाख बजेट विनियोजन गरेको छ ।

४३. विद्यार्थीहरुलाई विद्यालयमा टिकाइ राख्न एवम् बालबालिकाको स्वास्थ्य लाई जंक फुडहरुको प्रभावमा पर्न नदिन दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ, दिवा खाजा अनुदानको लागी रु. १ करोड ५ लाख ४६ हजार बजेट विनियोजन गरेको छु ।

४४. यस गाउँपालिकाका विद्यार्थीहरुलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउन आवश्यक पहल गर्नका लागि रु. ३६ लाख ६१ हजार बजेट विनियोजन गरेको छु ।

४५. यसरी आधारभुत तह र माध्यमिक तहमा शिक्षक व्यवस्थापन एवम् विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलापहरु कार्यानव्यनको लागि संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानबाट प्राप्त हुने रकम रु १५ करोड २४ लाख र पुथा उत्तरगङ्गा गाउँपालिकाको श्रोतबाट व्यहोर्ने गरी रु ४ करोड ३४ लाख ६२ गरी शिक्षा क्षेत्रमा जम्मा १९ करोड ५८ लाख ६२ बजेट विनियोजन गरेको छु ।

स्वास्थ्य :

४६. पुथा उत्तरगङ्गा गाउँपालिकाका सबै नागरिकको पहुँचमा गुणस्तरीय, सर्वसुलभ र आधारभुत स्वास्थ्य सेवा पुर्याउनु यस गाउँपालिकाको प्रमुख लक्ष्य हो । जसको लागि गाउँपालिकाले आव २०७८।०७९ देखि लागु गरेको **सहिद स्मृति स्वास्थ्य कार्यक्रम** लाई निरन्तरता दिँदै कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४७. पुथा उत्तरगङ्गा गाउँपालिकाको गर्भवती महिलासंग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिदै हजार दिनका आमाहरुको पोषण सुधारका लागि पोषण झोला र सरसफाई किट व्यवस्थापन गर्नका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

४८. यस गाउँपालिका भित्र रहेका घाइते, द्वन्द पिडित, अपाङ्ग विपन्नका लागि निशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिदै अझै प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि रु ३ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

४९. सुनौला हजार दिनका आमाहरुलाई पर्याप्त पोषिलो खानेकुरा र पोषण सम्बन्धी परामर्शको व्यवस्था गरिनेछ । जसको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत आगामी आर्थिक बर्षमा कार्यक्रमहरु संचालन गर्न रु १० लाख बजेट विनियोजन गरेको छु ।

५०. संघीय सशर्त अनुदानबाट अनुदान प्राप्त प्रजनन स्वास्थ्य तथा किशोरी सम्बन्धी कार्यक्रम, महामारी रोग नियन्त्रण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, स्वास्थ्य

व्यवस्थापन कार्यक्रम तथा उपचारात्मक सेवा कार्यक्रमलाई तोकिएको मार्गदर्शन बमोजिम समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

५१. पुथा उत्तरगङ्गा गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय र प्रभावकारी औषधि एवम् औषधिजन्य मालसामानहरुको पर्याप्त व्यवस्था गरिनेछ । आव २०८०।०८१ मा औषधि तथा औषधिजन्य मालसामानहरु खरिद गर्न संघीय सरकारको सशर्त अनुदानबाट लागत व्यहोर्ने गरी रु ११ लाख ६५ हजार बजेट विनियोजन गरेको छु । गाउँपालिकाको श्रोतबाट ज्येष्ठ नागरिक तथा दीर्घ रोगीहरुका लागि औषधी खरिदको लागि रु ३ लाख ५० हजार गरी कुल जम्मा १५ लाख १५ हजार औषधी खरिद तथा व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु ।

५२. यसरी आर्थिक वर्ष २०८०।०८१ मा समग्रमा स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु संचालन गर्न संघीय सशर्त अनुदान बाट रु ३ करोड ७३ लाख र गाउँपालिकाको श्रोतबाट रु. ६७ लाख ०३ हजार ५ सय २० रुपैंया गरी जम्मा रु ४ करोड २० लाख ०३ हजार ५ सय २० रुपैंया बजेट विनियोजन गरेको छु ।

<u>खानेपानी तथा सरसफाई</u> :

५३. पुथा उत्तरगङ्गा बासीलाई शुद्ध र सुरक्षीत खानेपानी उपलब्ध गराउन खानेपानीका संरचनाहरुको मर्मत सम्भार एवम् निर्माणलाई जोड दिइनेछ । बिभिन्न स्थानहरुमा रहेका खानेपानीका मुहानहरुलाई संरक्षण गर्न वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकताका साथ राखी आवश्यक बजेट विनियोजन गरेको छु ।

५४. सफा मुहान : स्वच्छ खानेपानी भन्ने मान्यतालाई आत्मसाथ गर्दै खानेपानीका मुहानहरु सरसफाई गर्ने एवम् खानेपानीका मुहान वरपर फोहोरमैला नियन्त्रण गरिनेछ । यसैगरी दुषित खानेपानीको माध्यमबाट लाग्ने रोगहरुबारे सचेतना फैलाई मूहान संरक्षणमा स्थानीय बासिन्दालाई जनचेतनामूलक कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५५. नमूना सरसफाईयुक्त गाउँपालिका निर्माण गर्ने प्रतिवद्धता अनुरुप पुथा उत्तरगङ्गा गाउँपालिकाको खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५६. समग्रमा यस गाउँपालिकाको खानेपानी तथा सरसफाईको क्षेत्रमा रु ४४ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

<u>कला र संस्कृति</u> :

५७. पुथा उत्तरगङ्गा गाउँपालिका आदिवासी जनजाति मगर समुदायको मौलिक रितिथिति र सँस्कृतिले सुसज्जित भएको ठाउँ हो । यहाँका आदिबासी जनजातिहरुका पर्वहरु भुम्या तथा माघे संक्रान्तिको संरक्षण र सम्बर्द्धन गर्न एवम् स्थानीय भाषाको प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

५८. नेपालको संविधानले नागरिकहरुलाई छुवाछुत तथा भेदभाव विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक तथा सामाजिक न्यायको हक लगाएतका मौलिक हकहरुको व्यवस्था गरेको छ । नेपालको संविधानले प्रदत्त गरेको हकलाई कार्यान्वयनको लागि विभिन्न कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५९. हाम्रो समुदायमा महिलाहरु विभिन्न प्रकारका घरेलु तथा सामाजिक हिंसाको शिकार हुने गरेका छन् । त्यस्था हिंसापिडित महिलाहरुलाई मनो परामर्श सेवा तथा सुरक्षा प्रदान गर्न गाउँपालिकाको केन्द्र तकसेरामा सेफ हाउस स्थापना र महिला परामर्श भवन व्यवस्थापन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६०. आव २०८०।०८१ मा महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपांग तथा आदिवासी जनजाति लक्षित कार्यक्रमहरु संचालन गरिनेछन् जसको लागि रु ५१ लाख १० हजार बजेट विनियोजन गरेको छु ।

६१. अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विभिन्न प्रकारका कार्यक्रमहरु आयोजना गर्ने व्यवस्था मिलाईनेछ । साथै मानसिक रोग लागेका बिरामीहरुलाई निशुल्क परामर्स सेवा र औषधिको व्यवस्था गरिनेछ । बालविवाह न्युनिकरण गर्दै परिस्कृत समाज निर्माणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

६२. गाउँपालिकाको न्यायिक समितिबाट अधिकार क्षेत्रभित्र पर्ने विवादहरुको निरुपणमा सहजीकरण न्यायिक इजलास निर्माण गरिनेछ भने प्रत्येक वडाहरुमा गठित मेलमिलाप समितिहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गरी समितिहरूलाई थप सक्रिय बनाइनेछ । दलित समुदायले परम्परादेखि सञ्चालन गर्दै आएका व्यवसायहरुलाई व्यवसायिक र आधुनिक बनाउँदै लगिनेछ भने यसको संरक्षणको लागि नयाँ पुस्ताहरुलाई व्यवसायतर्फ आकर्षित गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सडक,पुल तथा सिंचाई**

६३. पुथा उत्तरगङ्गा गाउँपालिकाको अधिकांश क्षेत्र उच्च हिमालमा पर्ने भएकोले भौगोलिक जटिलताका भएता पनि विकासका आधारभुत आवश्यक्ताहरुको परिपूर्ति गर्न विभिन्न संरचनाहरु निर्माण गर्दै आएको छ । हाल गाउँपालिकाका करिब ९ वटा वडाहरु सडक पूर्वाधारको पहुँचमा पुगिसकेका छन् भने गाउँपालिकाअन्तर्गत वडा नं. १,२,३,४ र ९ लाई आगामी २ वर्षभित्र सङ्घीय र प्रदेश सरकारको सहयोग र यस गाउँपालिकाको विशेष पहलमा सडक सञ्जालसँग जोडिने व्यवस्था गर्न आवश्यक पहल गरेको छु ।

६४. नेपाल सरकारको समपुरक अनुदान तर्फ र गाउँपालिकाको श्रोतबाट साझेदारीमा खर्च व्यहोरिने गरी हुकाम काजरजङ्ग पेल्मा सडक निर्माण वडा नं. ५ र २ को लागि रु. १ करोड ६० लाख बजेट विनियोजन गरेको छु ।

६५. लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदान र गाउँपालिकाको श्रोतबाट साझेदारीमा खर्च व्यहोरिने गरी हुकाम मैकोट सडक निर्माणको लागि रु. ५० लाख, गर रन्मा सडक निर्माणको

लागि रु ५० लाख र डिम्मुगैरा तातोपानी सडक निर्माण तथा संरक्षणको लागि रु ५० लाख बजेट विनियोजन गरेको छ ।

६६. पुथा उत्तरगङ्गा गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोरिने गरी हालबाङ-खारावाङ सडक निर्माणका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छ ।

६७. समग्रमा यस गाउँपालिकाको सडक पूर्वाधार निर्माण तथा यातायात सु-व्यवस्थाको लागि रु ३ करोड ४९ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

६८. यस गाउँपालिकाका दुरदराजहरुमा जनताको आवतजावतमा सहजीकरण गर्न झोलुंगे पुल निर्माणको कार्य तीव्र रुपमा अगाडि बढिरहेको छ भने आवश्यकता भएको ठाउँहरुमा झोलुंगे पुल निर्माण गर्न संघीय सरकारबाट शसर्त अनुदान तर्फ रु. ८० लाख बजेट विनियोजन गरेको छ ।

**सभा अध्यक्ष महोदय**

**अब म भवन तथा शहरी विकास तर्फको  कार्यक्रमकहरु प्रस्तुत गर्दछु ।**

**भवन तथा शहरी  विकास :**

६९. यस पुथा उत्तरगङ्गा गाउँपालिकाले हालसम्म आफ्नो प्रशासनिक भवन निर्माण गर्न नसकेको परिस्थितिमा सेवाग्राहीहरूलाई छुट्टाछुट्टै स्थानबाट सेवा लिँदा निकै दुख भोग्नुपरेको अवस्थालाई : मध्यनजर गर्दै चालु आर्थिकवर्षमा ठेक्का सम्झौता प्रक्रिया अगाडी वढिसकेकोले आगामी आर्थिक वर्ष २०८०।०८१ देखि तीव्र रूपमा गुणस्तरीय भवन निर्माण गर्नका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु । साथै वडा कार्यालयहरु मर्मत तथा सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

७०. पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्दै सेवाहरु विस्तार गर्नु हाम्रो मुख्य प्राथमिकता हो । गाउँपालिकाको केन्द्रमा १५ शैया अस्पताल निर्माण सुचारु गर्ने प्रक्रियालाई अगाडि बढाउन सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ । साथै १५ शैयाको अस्पताल निर्माणको लागि संघीय सरकार सशर्त अनुदानबाट दायित्व हुने गरी रु ८० लाख बजेट विनियोजन गरेको छु ।

७१. गाउँपालिकालाई पर्यटन क्षेत्रको रूपमा विकास गर्न यस गाउँपालिकाभित्रका सम्भावित विभिन्न स्थानहरूमा एकीकृत नमुना बस्ती विकास कार्यक्रमको लागि पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० तकसेरा बस्तीमा पूर्वाधार निर्माणको लागि रु २५ लाख, पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १ मैकोटमा एकिकृत बस्ती विकास तथा पूर्वाधार निर्माणको लागि रु १५ लाख र पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ३ रन्माको तातो पानी संरक्षण र सौन्दर्यीकरणको लागि रु ४० लाख गरी कुल जम्मा ८० लाख  बजेट विनियोजन गरेको छु ।

७२. उपभोक्ता समितिबाट निर्माण हुने भौतिक पूर्वाधारहरुमा स्थानीयको अपनत्व बोध गराउन उपभोक्ता समितिलाई नै जिम्मेवार बनाइने छ । साथै यस्ता आयोजनाहरुको गुणस्तरता अभिवृद्धि गर्न उपभोक्ता समितिहरुलाई योजना निर्माण गर्नु अगावै अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने र यसैगरी आगामी आर्थिक वर्षदेखि रु २० लाख भन्दा बढि लागत अनुमान भएका सबै आयोजनाहरुको खरिद बोलपत्र माध्यमबाट गरिने व्यवस्था मिलाएको छु ।

पुथा उत्तरगङ्गा गाउँपालिका

७३. समग्रमा भवन, आवास तथा सहरी विकास क्षेत्रमा रु १ करोड ६२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

<u>लघु तथा साना जलविद्युत एवम् वैकल्पिक उर्जा :</u>

७४. पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र विद्युतको पहुँच नपुगेका स्थानहरु अति विपन्न र गरिब घरपरिवारलाई निःशुल्क सौर्य उर्जा उपलब्ध गराईनेछ । जसका लागि संघीय सरकारबाट हस्ताण्तरित सशर्त अनुदानबाट व्यहोर्ने गरी रु ८ लाख बजेट विनियोजन गरेको छु ।

७५. यस गाउँपालिकाको विभिन्न स्थानहरुमा निर्माण गरिएका लघु तथा साना जलविद्युतहरुको मर्मत सम्भार तथा स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

<u>वन, वातावरण तथा विपद व्यवस्थापन</u>

७६. विभिन्न मानवीय तथा प्राकृतिक कारणहरुले वन जंगलहरुमा हुने क्षति तथा ह्रासहरु नियन्त्रण गर्न पहल गरिनेछ । बाढि, पहिरो तथा भूं-क्षयको कारण जोखिममा रहेका क्षेत्रहरुमा ग्याबिन जाली लगाउने तथा भिराला खाली जमिनहरुमा वृक्षारोपण गरिनेछ । आर्थिक वर्ष २०८०/०८१ मा वन जंगल संरक्षण तथा वृक्षारोपण कार्यक्रम संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।विपद व्यवस्थापन तथा प्रकोप व्यवस्थापन कोष स्थापनाको लि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

७७. अव्यवस्थित सडक पूर्वाधारको कारण पछिल्लो समय बाढि तथा पहिरोको जोखिम बढिरहेको छ । यस्ता जोखिमहरु न्युनीकरण गर्न अव्यवस्थित सडक पूर्वाधार निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ । वर्षा याममा सडक मर्मत तथा सम्भार गर्नका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

७८. गर्मीयाममा वनजङ्गलमा डढेलो लगाउने, अनावश्यक वन फडानी गर्ने तथा वन पैदावारमा हानी पुऱ्याउने खालका मानवीय गतिविधिहरुलाई नियन्त्रण गर्दै वन जङ्गलको संरक्षण गरिनेछ । यसैगरी पानीका मुहानहरु संरक्षण गर्ने र यस गाउँपालिकाको क्षेत्रभित्र रहेको वनजङ्गलमा पाइने सम्पूर्ण वन्यजन्तुहरूको चोरी शिकारी हुने प्रवृत्तिलाई रोक लगाउँदै वन्यजन्तु संरक्षणमा आवश्यक बजेट विनियोजन गरेको छु ।

७९. यस गाउँपालिकामा प्लाष्टिकको अत्याधिक प्रयोग जलवायु परिवर्तनको मुख्य कारक तत्व रहेको कुरा स्मरण गर्दै यस गाउँपालिकामा सकेसम्म प्लाष्टिक झोलाहरुको प्रयोगमा कमी ल्याउन पहल गरिनेछ भने वातावरण प्रदुषण गर्ने सबै प्रकारका गतिविधिहरुलाई नियन्त्रण गर्न जोड दिएको छु ।

**सभा अध्यक्ष महोदय**

<u>सुशासन तथा संस्थागत विकास :</u>

८०. दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसक्दा गाउँपालिका र अन्तर्गत निकायबाट उपलब्ध हुने सेवाहरु सेवाग्राहीमैत्री र गुणस्तरीय रुपमा प्रवाह हुन सकिरहेका छैनन। रिक्त रहेका पदहरुमा स्थायी कर्मचारी मागको लागि प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत लुम्बिनी प्रदेश लोकसेवा आयोगमा माग पठाईएको छ । उपलब्ध जनशक्तिलाई उच्च

मनोवलका साथ आफ्नो योग्यता र क्षमता भरपुर सदुपयोग गर्न क्षमता विकासका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

८१. कर्मचारीतन्त्रको कार्यसम्पादनलाई बढाउँन नमूना स्थानीय तहहरुमा अवलोकन भ्रमणमा जाने व्यवस्था मिलाएको छु । यसैगरी अतिरिक्त काम गरेको समयको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउँने व्यवस्था मिलाईनेछ, जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८२. जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई सहज र चुस्त सेवाको अनुभूति गराउनुका साथै संगठन, जनप्रतिनिधी र कर्मचारीको व्यावसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरेको छु ।

८३. कुनैपनि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुले गाउँपालिकाको क्षेत्रभित्र कार्यक्रमहरु संचालन गर्नुपूर्व गाउँपालिकाको अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । त्यस्ता निकायका बजेट तथा कार्यक्रमहरुलाई गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक रातो किताबमा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

८४. गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह एवम् विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा आन्तरिक नियन्त्रण प्रणाली, राजश्व सुधार योजना तथा क्षमता विकास योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय**

८५. आर्थिक वर्ष २०८०।०८१ को बजेटको विनियोजन र स्रोतको व्यवस्था देहाय बमोजिम रहेको छ ।आर्थिक वर्ष २०८०।०८१ का लागि रु ४८ करोड ६९ लाख ५० हजार पाँच सय रुपैंया विनियोजित गरिएको छ । कुल विनियोजित मध्ये चालु तर्फ रु. ३६ करोड १७ लाख १२ हजार ५ सय र पूँजीगत तर्फ रु १२ करोड ५२ लाख ३८ हजार रुपैंया विनियोजन भएको छ ।

८६. कुल विनियोजन मध्ये आन्तरिक राजश्व रु ५२ लाख ५५ हजार, चालु आवमा विभिन्न योजनाहरु कार्यान्वयन नभई संचित कोषमा मौज्दात हुने रकम रु ५० लाख र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट रु. १० करोड ४० लाख १६ हजार ५ सय गरी आन्तरिक आयतर्फ जम्मा रु. ११ करोड ४२ लाख ७१ हजार ५ सय स्रोत व्यहोरिने छ । यसैगरी विनियोजित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न संघ तथा प्रदेशको वित्तीय समानिकरण अनुदानबाट रु. १० करोड ७९ लाख २९ हजार र संघीय सशर्त र प्रदेश सरकार शसर्त अनुदानबाट रु. २४ करोड १२ लाख ५० हजार परिचालन गरिनेछ । साथै संघ तथा प्रदेश सरकार समपुरक बाट प्राप्न हुने समपुरक अनुदानबाट रु. १ करोड ८० लाख परिचालन गर्ने व्यवस्था मिलाएको छु ।संघ सरकारबाट प्राप्त विशेष अनुदान तर्फ रु. ५५ लाख परचिलान गर्ने व्यवस्था मिलाएको छु ।

८७. आ.व. २०८०/०८१ मा साझेदार संस्थाहरु नेपाल जनजागरण मञ्च, नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र, सर्वाङ्गीण विकास केन्द्र, विकास सरोकार समाज, कर्मफ्लाइट्स फाउण्डेशनले संचालन गर्ने विकास कार्यक्रमहरुको विवरण प्राप्त भएको छ ।ती कार्यक्रमहरुलाई

गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

८८. सभाध्यक्ष महोदय, गाउँसभाका सदस्य ज्यूहरु र पुथा उत्तरगङ्गा बासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरु,

८९. आ.व. २०८०/०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न आ-आफ्नो तर्फबाट सल्लाह एवम् सुझाव व्यक्त गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै अहोरात्र खटिई सहयोग गर्नहुने जनप्रतिनिधि र कर्मचारीहरुप्रति आभार व्यक्त गर्दछु ।

९०. हामी पुथा उत्तरगङ्गा गाउँपालिकाका सर्वाङ्गीण पक्षहरुको समावेशी र समतामुलक विकास निर्माण गरी हाम्रा नागरिकहरुको जिवनस्तरमा गुणात्मक परिवर्तन गर्ने यस सुनौलो अवसरमा उभिएका छौं । मैले आ.व. २०८०।०८१ को बजेटमा ल्याएका कार्यक्रमहरु यहाँका नागरिकका वास्तविक माग र आवश्यक्तामा आधारति रहेका छन् । साथै पुथा उत्तरगङ्गा गाउँपालिकाको समग्र विकासमा योगदान गर्नु हामी सबैको कर्तव्य भएको व्यहोरा स्मरण गर्दै यस गरिमामय सभामा पेश भएको बजेट तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा यहाँहरुको रचनात्मक सहयोग रहिरहनेछ भन्ने कुरामा विश्वस्त छु र सदैव सहयोगको अपेक्षा गर्दछु ।

भुपेन्द्र बुढा
बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
मिति २०८० साल असार २३ गते

पुथा उत्तरगङ्गा गाउँपालिका